प्रदेश सरकार

उद्योग, कृषि तथा सहकारी मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

कोशी प्रदेश, इनरुवा, सुनसरी,

## बर्ड फ्लू नियन्त्रणका क्रममा नष्ट गरिएका पंक्षी, पन्छीजन्य पदार्थ र पन्छी उत्पादन सामगीको सम्बन्धित धनीलाई राहतका लागि आवेदन पेश गर्ने सम्बन्धि सूचना ।

**प्रथम पटक प्रकाशित मिति २०७९/१२/१६**

**आवेदन पेश गर्ने अन्तिम मिति २०८०/०१/१५**

यस विज्ञ केन्द्रमा आ.व. २०७८/७९ मा यस जिल्लाका विभिन्न क्षेत्र/फार्महरुमा बर्ड फ्लू रोग **( HPAI subyype H5N1)** को प्रकोप देखिएको र उक्त रोग आउटब्रेक नियन्त्रणका लागि आउटब्रेक भएका क्षेत्र/फार्महरुमा रहेका पन्छी,अण्डा, दाना पदार्थ तथा पन्छीजन्य पदार्थ नष्ट गरिएका कारण किसानहरुको क्षति हुन गएको क्षति वापत राहत रकमको ७५% रकम प्रदान गर्न बजेट विनियोजन भई आएकोले आ.व. २०७८/७९ मा यस जिल्लाका विभिन्न क्षेत्र/फार्महरुमा बर्ड फ्लू रोग **(HPAI subyype H5N1)** को प्रकोप देखि उक्त रोग आउटब्रेक नियन्त्रणका क्रममा पन्छी, अण्डा, दाना पदार्थ तथा पन्छीजन्य पदार्थ नष्ट गरिएका फार्महरुले **बर्ड फ्लू नियन्त्रणका क्रममा नष्ट गरिएका वस्तुहरुको राहत दिने सम्बन्धी मापदण्ड, २०७९ को दफा ५** मा व्यवस्था भए बमोजिमका कागजातहरु संलग्न राखि ३० दिन भित्र यस विज्ञ केन्दमा आवेदन पेश गर्नु हुन आह्वान गरिन्छ ।

थप जानकारीका लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, सुनसरीको पशु चिकित्सा तथा प्रयोगशाला शाखाका **अधिकृत छैटो श्री चिनेश्वर मेहताको मोवाईल नं. ९८६१८३९९०९** मा सम्पर्क राख्नु हुन वा विज्ञ केन्द्रको वेभसाईट www.vhlssunsari.gov.np बाट **"बर्ड फ्लू नियन्त्रणका क्रममा नष्ट गरिएका वस्तुहरुको राहत दिने सम्बन्धी मापदण्ड, २०७९ र बर्ड फ्लू नियन्त्रण नियमाली, २०७८"** डाउनलोड गरी थप जानकारी लिन सक्नु हुनेछ ।

कुमार सिंह खत्री

(निमित कार्यालय प्रमुख)

E-Mail :vhlssunsari@gmail.com, webside:www.Vhlssunsari.gov.np Phone : 025- 565162